राष्ट्रिय सहारा दैनिक

राष्ट्रिय सहारा दैनिक पत्रिका अब अनलाईनमा पनि
Rastriyasaharadaily.com

वर्ष २३ । अंक १७६ । २०८२ चैत ०१ गते आइतबार (2026 Mar. 15 Sunday) मूल्य रू. ५।- पृष्ठ संख्या ४


# इथानोल मिश्रित पेट्रोल: ऊर्जा आयात घटाउने र रोजगारी बढाउने नीति लागू

*काठमाडौँ, ३० फागुन/रासस*

सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ । मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' शुक्रवार राजपत्रमा प्रकाशित भएको छ।

यो आदेशमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जा क्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ । आदेशअनुसार नेपाल आयल निगमले उपलब्धताअनुसार प्रति लिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ । आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो



अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ ।

इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमल तरुल (कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन् । खाद्यान्नको दुरूपयोग रोक्नका लागि खाद्यान्नका रूपमा प्रयोग हुने अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ ।

उद्योगहरूले प्रचलित कानुन अनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसले बजारलाई नियन्त्रित गर्दै इथानोलको प्रयोग पेट्रोलमा मिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ।

उद्योगहरूले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ । निगमले पनि प्रत्येक ट्याङ्करको

(बाँकी तेश्रो पृष्ठमा)

# माइक्रोबस दुर्घटनामा छ जना भारतीयको मृत्यु



*गोरखा, ३० फागुन/रासस*

यहाँको मनकामना मन्दिर दर्शन गरेर फर्किँदै गरेको यात्रीवाहक माइक्रोबस दुर्घटना हुँदा छ जनाको मृत्यु भएको छ ।

सहीद लखन गाउँपालिका-३ कान्टारमा बा प्र ०१-००६ ख ८४३० नम्बरको माइक्रोबस आज साँझ दुर्घटना हुँदा छ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विकले

(बाँकी तेश्रो पृष्ठमा)

# बहुपक्षीय सहकार्य विस्तारमा नेपालको जोड

*काठमाडौँ, ३० फागुन/रासस*

अल्पविकसित मुलुक समूहका अध्यक्ष तथा संयुक्त राष्ट्रङघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले बहुपक्षीय सहकार्यलाई अघि बढाउन तथा विकासका दृष्टिले सबैभन्दा पछाडि परेका देशहरूका लागि विकास उपलब्धि सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघ अपरिहार्य रहेको बताउनुभएको छ ।

न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगका अनुसार राजदूत थापाले कार्यादेश कार्यान्वयन समीक्षासम्बन्धी अनौपचारिक तदर्थ कार्यसमूहका सहअध्यक्षहरूसँग आयोजित राजदूतस्तरीय बैठकमा उहाँले उक्त

(बाँकी तेश्रो पृष्ठमा)

# पर्सागढीमा २० केजी गाँजा फालेर तस्कर फरार

**सहारा संवाददाता**
**वीरगंज, ३० फागुन ।**

पर्सा जिल्लाको पर्सागढी नगरपालिका वडा नं. ३ बडनिहार बजार नजिकबाट शनिवार साँझ प्रहरीले २० किलो गाँजा बरामद गरेको छ ।

जीतपुरबाट बडनिहार, मनवा हुँदै सोनबर्सा तर्फ जादै गरेको नम्बर नखुलेको मोटरसाइकल चेकजाँचको लागि प्रहरीले रोक्न खोज्दा अन्दाजी २० किलो गाँजाको झोला फाली मोटरसाइकल चालक फरार भएको इलाका प्रहरी कार्यालय पटेर्वा



सुगौलीका इन्स्पेक्टर समुन्नत अधिकारीले जानकारी दिए । फरार गाडी र चालकलाई सिसिक्यामराको सहायताले पहिचान गरी खोजी कार्य गरिने प्रहरीले बताएको छ ।

मकवानपुरबाट भरियाहरूको सहायताले बाराको जीतपुर-जनता सडक भएर पर्साको ग्रामीण भेग हुँदै भारत समेत लागू औषध गाँजा ओसारपसार हुने गरेको स्थानीयवासीको भनाइ छ ।

# प्रतिष्ठानस्तरको गुनासो व्यवस्थापन संयन्त्रका लागि क्षमता अभिवृद्धि तालिम



**सहारा संवाददाता**
**वीरगंज, ३० फागुन ।**

महिला सशक्तिकरण, समृद्ध नेपाल कार्यक्रम अन्तर्गत प्रतिष्ठान स्तरमा गुनासो व्यवस्थापन संयन्त्र सञ्चालन समितिका सदस्यहरूका लागि क्षमता अभिवृद्धि तथा व्यवहारिक सम्बन्धी एक दिने तालिम वीरगंजमा सम्पन्न भएको छ।

तालिममा विभिन्न उद्योगका गुनासो सुनुवाइ संयन्त्रका सदस्यहरूको सहभागिता रहेको थियो।

तालिमको उद्घाटनमा बोल्दै वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले कार्यस्थललाई सुरक्षित, मर्यादित र समानतामूलक बनाउन गुनासो व्यवस्थापन संयन्त्र प्रभावकारी हुनुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो । उहाँले उद्योग व्यवसायमा कार्यरत श्रमिकहरूको अधिकार संरक्षण तथा कार्यस्थलमा हुने विभिन्न समस्याको समाधानका लागि यस्ता तालिम उपयोगी हुने बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका

(बाँकी तेश्रो पृष्ठमा)

## संक्षिप्त समाचार

### हडताल सहमतिमा टुंगियो

**सहारा संवाददाता**
**वीरगंज, ३० फागुन ।**

सुक्खा बन्दरगाहमा बिहीवार देखि शुरू भएको हडताल शुक्रबार सहमतिसँगै अन्त्य भएको छ। भन्सार सेवा सुस्त हुँदा आर्थिक भार बढेको भन्दै सवारीधनी र व्यवसायीहरूले हडताल गरेका थिए। सामान लोड-अनलोड तथा जाँचपासमा ढिलाइ हुँदा कन्टेनर यार्डमै थन्किएर समस्या बढेको भन्दै व्यवसायीहरूले हडताल गरेका थिए । प्रिस्टिन भ्यालीसँग सम्बन्धीत समस्या समाधान गर्ने सहमतिपछि हडताल अन्त्य भएको हो।




राष्ट्रिय सहारा दैनिकका लागि
प्रबन्ध निर्देशक:
वीरेन्द्र बहादुर कुर्मी क्षेत्री
प्रकाशक/कार्यकारी सम्पादक:
चन्द्रभुषण साह
(९८४५०४१००२,९८१५२७६९९९)
सम्पादक : नवीन अधिकारी, वृजलाल पासवान
कानूनी सल्लाहकार
सुरेन्द्रप्रसाद कुर्मी
बजार व्यवस्थापक:
कपिल डंगोल
(मो.९८१६२२४४०१)
कार्यालय : वीरगंज-१६ बाईपास सडक (बैष्णोदेवी मन्दिरको (पूर्व तर्फ) गणेश टोल
मुद्रक:- सहारा अफसेट प्रेस वीरगंज-१६ वाईपास (गणेशटोल)
ईमेल:– sahara.patrika@gmail.com

# 'विजयसाल सामुदायिक घरवास'मा बढ्दै पाहुनाको आकर्षण

*राजेन्द्रप्रसाद पनेरू*
*कञ्चनपुर, ३० फागुन/रासस*

कृष्णापुर नगरपालिका-२ वाणीस्थित मुक्तकमैया बस्ती अहिले ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा परिचित हुन थालेको छ ।

विगतमा साहुको घरमा श्रम बेचेर जीवन गुजार्न बाध्य भएका थारू समुदायका परिवारहरू आज आफनै गाउँमा घरवास (होमस्टे) सञ्चालन गरेर आत्मनिर्भर बन्ने यात्रामा अगाडि बढिरहेका छन् ।

थारू बस्तीमा सञ्चालन गरिएको 'विजयसाल' अहिले स्थानीय समुदायको आयआर्जनको भरपर्दो माध्यम बन्नुका साथै थारू संस्कृति संरक्षण र ग्रामीण पर्यटन प्रवर्द्धनको नमूना बनेको छ । बस्तीका विस्पति चौधरीले घरवास सञ्चालन गरेको केही वर्षमै आफनो जीवनमा ठूलो परिवर्तन आएको अनुभव सुनाउनुहुन्छ । घरवास शुरू गर्नु अघि उहाँले परिवार पाल्न ज्याला मजदुरी गर्नुपर्ने अवस्था थियो ।

"पहिला हामी दैनिक ज्यालामजदुरी गरेर जीवन चलाउँथ्यौं", उहाँले भन्नुभयो, "घरवास सञ्चालन गर्न थालेपछि आम्दानीको नयाँ बाटो खुल्यो, पाहुनाको आगमन भइरहन्छ, यसले जीविका चलाउन धेरै सहज बनाएको छ ।

" घरवासमा आउने पाहुनाको निरन्तर आगमनले चौधरीको मात्र होइन, बस्तीका अन्य परिवारको पनि आम्दानी बढ्दै गएको छ । अहिले यहाँका छ परिवार मिलेर विजयसाल सामुदायिक रूपमा घरवास सञ्चालन गरिरहेका छन् ।

घरवासमा आबद्ध सबै परिवारले पाहुनालाई बस्नका लागि छुट्टाछुट्टै घर निर्माण गरेका छन् । ती घरहरू परम्परागत थारू वास्तुकलाको झल्को दिने गरी निर्माण गरिएका छन् । बाहिरबाट हेर्दा माटो र काठले बनेका परम्परागत घरजस्तै देखिने भए पनि भित्र आधुनिक सुविधा उपलब्ध गराइएको छ ।

पाहुनालाई सहज बसोबासका लागि प्रत्येक कोठामा एटेच बाथरूम, आरामदायी बेड तथा वाइफाइ सेवा उपलब्ध गराइएको छ । दुई जना बस्न मिल्ने गरी तयार गरिएका कोठाहरूमा पाहुनाले गाउँको वातावरणसँगै आधुनिक सुविधाको अनुभव पनि गर्न सक्छन् ।

घरवास परिसरमा पाहुनालाई बस्नका लागि चार वटा आकर्षक गोल घर निर्माण गरिएका छन् । त्यस्तै पाहुनाको स्वागत तथा सामूहिक कार्यक्रमका लागि छुट्टै सामुदायिक हलको पनि व्यवस्था गरिएको छ । यसले घरवासलाई केवल बस्ने ठाउँ मात्र नभई सांस्कृतिक गतिविधि र सामुदायिक अन्तर्क्रियाको केन्द्रका रूपमा पनि विकास गरेको स्थानीय दुर्गा चौधरी बताउनुहुन्छ ।

"घरवासको नाम 'विजयसाल सामुदायिक घरवास' राखिनुको पनि विशेष कारण रहेको छ", उहाँले भन्नुभयो, "विजयसाल बहुऔषधीय गुण भएको वनस्पति हो, जसलाई स्वास्थ्यका दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ, विजयसालको काठबाट बनेको भाँडामा पानी राखेर पिउँदा मधुमेह तथा रक्तचाप नियन्त्रणमा सहयोग पुग्ने मान्यता रहेको छ, पछिल्लो समय वनजङ्गलमा यो रूख लोप हुने अवस्थामा पुगेको छ, यसैलाई ध्यानमा राख्दै विजयसालको संरक्षण तथा प्रचार गर्ने उद्देश्यले घरवासको नाम 'विजयसाल' राखिएका हौं ।"

विजयसाल घरवासको अर्को आकर्षण भनेको यहाँ उपलब्ध हुने परम्परागत थारू खानपान हो ।

घरवासमा आउने पाहुनालाई उहाँहरूको चाहनाअनुसार विभिन्न स्थानीय परिकार तयार गरेर पस्किने गरिन्छ ।

घरवास सञ्चालक वसन्ती रानाका अनुसार यहाँ भेज तथा नन-भेज दुवै प्रकारका परिकार पाइन्छन् ।

"पाहुनाको रोजाइअनुसार खाना तयार गर्छौं", उहाँले भन्नुभयो, "थारू समुदायका मौलिक परिकार ढिक्री, बरिया रोटी, अन्तीको भात, मिसौला, फुलौरालगायतका परिकार पाहुनाले निकै मन पराउनुहुन्छ ।" यसका अतिरिक्त माछा, गङ्गटा, घोंगी, सुतही, सुँगुरको मासु तथा स्थानीय जातको कुखुराको मासु पनि यहाँका लोकप्रिय परिकार हुन् ।

कहिलेकाहीं पाहुनाले मुसाको चटनीसमेत चाख्नका लागि माग गर्ने गरेको सञ्चालकहरू बताउँछन् । त्यस्तै अमिलो-पिरो स्वादको बयरको चटनी पनि पाहुनाले मन पराउने परिकारमध्ये एक हो । जुन घरवास सञ्चालकले अनिवार्य रूपमा परिकारसँगै पस्कने गर्दछन् । घरवासमा उपलब्ध गराइने खानाका परिकारको मूल्य रू १३० देखि रू ३०० सम्म रहेको छ ।

घरवासमा आउने पाहुनाको मनोरञ्जनका लागि थारू समुदायका परम्परागत नृत्यहरू पनि प्रस्तुत गरिन्छ । सामुदायिक हलमा स्थानीय महिला तथा युवाहरूले सखिया, छोक्रा र मघौटालगायतका नृत्य प्रस्तुत गर्छन् । मादल र मञ्जिराको तालमा प्रस्तुत गरिने यी नृत्यले पाहुनालाई थारू संस्कृतिको झलक दिन्छन् ।

घरवास सञ्चालक परदेशनी डगौराका अनुसार पाहुनाको मागअनुसार सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छ । "नृत्य देखाएबापत एक घण्टाको रू तीन हजार शुल्क लिने व्यवस्था छ", उहाँले भन्नुभयो, "यसले पाहुनालाई मनोरञ्जन दिनुका साथै हाम्रो संस्कृति जोगाउँन पनि मद्दत पुगेको छ ।" सांस्कृतिक कार्यक्रमबाट प्राप्त रकम कलाकारहरूको सामूहिक कोषमा जम्मा गरिने व्यवस्था गरिएको छ ।

"घरवासमा वर्षभरिमा करिब एक हजार जति पाहुना आएको रेकर्ड छ", घरवास सञ्चालक लिलाकुमारी चौधरीले भन्नुभयो, "पर्यटन सिजनका बेला यहाँ पाहुनाको चहलपहल निकै बढ्ने गर्दछ, यस वर्षको फागुन महिनामा मात्र करिब २०० पाहुना यहाँ बस्न आएका छन् ।"

यहाँ आउने पाहुनामध्ये अधिकांश इलाम, धादिङ, मोरङ, सुनसरी, पोखरा र काठमाडौंलगायत क्षेत्रका बढी हुने गरेका छन् । कहिलेकाहीं विदेशी पर्यटक पनि थारू संस्कृति, रहनसहन र खानपानवारे जान्न उत्सुकताका साथ यहाँ आउने गरेको सञ्चालकहरू बताउनुहुन्छ ।

घरवासमा बस्न आउने अधिकांश पाहुना नजिकै रहेका पर्यटकीयस्थलको अवलोकन गर्न पनि जाने गर्छन् । विशेषगरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज यहाँको मुख्य आकर्षण मानिन्छ । विशाल घाँसेमैदान र दुर्लभ बाह्रसिङ्गा हेर्नका लागि धेरै पर्यटक त्यहाँ पुग्ने गर्छन् । यसका साथै महाकाली नदीमाथि बनेको बहु-स्पान झोलुङ्गे पुलको दृश्यावलोकन गर्न पनि पर्यटक जाने गर्छन् ।

घरवास नजिकै रहेको सिस्ने सिमसार क्षेत्र पनि प्रकृतिप्रेमीका लागि आकर्षक गन्तव्य मानिन्छ । यहाँ विभिन्न प्रजातिका चराचुरूङ्गी तथा जलचर अवलोकन गर्न सकिन्छ । घरवास सञ्चालनबाट सहभागी परिवारहरूले मासिक रू ३० हजारदेखि रू ३५ हजारसम्म आम्दानी गर्ने गरेका छन् ।

यद्यपि पाहुनाको सङ्ख्याअनुसार आम्दानी कहिले बढी त कहिले कम हुने गरेको सञ्चालकहरू बताउँछन् । स्थानीय बासिन्दाका अनुसार घरवास सञ्चालन शुरू भएपछि गाउँमा आर्थिक गतिविधि बढेको छ ।

यसले स्थानीय उत्पादनको उपयोग बढाउनुका साथै रोजगारका अवसर पनि सिर्जना गरेको छ । यससँगै थारू समुदायको मौलिक संस्कृति, खानपान र जीवनशैलीको संरक्षणमा पनि सकारात्मक प्रभाव परेको स्थानीय अगुवा सोभा खुना बताउनुहुन्छ ।

"घरवास सञ्चालनका सफलताका बाबजुत केही चुनौतीहरू पनि छन्" उहाँले भन्नुभयो, "सिजनअनुसार पाहुनाको सङ्ख्या घटबढ हुनु, विदेशी पर्यटकसँग भाषाको समस्या आउनु तथा प्रचारप्रसारको कमी हुनु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।" सरकारी निकायबाट पूर्वाधार विकास, तालिम तथा प्रचारप्रसारमा सहयोग प्राप्त भएमा यस क्षेत्रलाई ग्रामीण पर्यटनको महत्त्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना रहेको उहाँ बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "विजयसाल सामुदायिक घरवासले सङ्घर्षशील मुक्तकमैया समुदायलाई आत्मनिर्भर बन्ने बाटो देखाएको छ, यसलाई निरन्तरता दिनका लागि सबै पक्षको सहकार्य हुन आवश्यक छ ।"

# 'देशमा शान्तिसुरक्षा थप प्रभावकारी बनाउन प्रहरी संरचना अत्यन्त आवश्यक छ'



*धनुषा, ३० फागुन/रासस*

मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले देशमा शान्तिसुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन प्रहरी संरचना तथा पूर्वाधारको विकास अत्यन्त आवश्यक रहेको बताउनुभएको छ । मधेस प्रदेश प्रहरी कार्यालयमा निर्माण हुन लागेको प्रहरी ब्यारेक भवनको आज शिलान्यास गर्दै उहाँले प्रहरी राष्ट्रको सुरक्षाको महत्त्वपूर्ण अङ्ग भएकाले प्रहरीलाई सहज रूपमा काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो ।

मुख्यमन्त्री यादवले प्रहरी राष्ट्रको सुरक्षामा सदैव अग्रपङ्क्तिमा खटिने महत्त्वपूर्ण अङ्ग भएको उल्लेख गर्दै प्रहरी कर्मचारीको कार्यक्षमता अभिवृद्धिका लागि उहाँहरूलाई सुरक्षित, व्यवस्थित र सुविधासम्पन्न वातावरण उपलब्ध गराउनु जरूरी रहेको बताउनुभयो । "प्रहरीले जनताको शान्तिसुरक्षा कायम गर्न निरन्तर मेहनत गरिरहेका हुन्छन् । त्यसैले प्रहरी कर्मचारीको आवास तथा आधारभूत सुविधामा सुधार ल्याउनु प्रदेश सरकारको दायित्व हो", उहाँले भन्नुभयो । मुख्यमन्त्री यादवले प्रदेश सरकार प्रहरी सङ्गठनलाई आवश्यक भौतिक पूर्वाधार उपलब्ध गराउन प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मन्त्रालयमा चालु आर्थिक वर्षका लागि रू ७२ करोड बजेट रहेको जनाउँदै प्रहरीलाई आधुनिक तथा सुविधासम्पन्न बनाउनका लागि विनियोजित बजेट व्यवस्थापन प्रभावकारीरूपमा गरिँदै आइएको उल्लेख गर्नुभयो ।

सो अवसरमा मधेस प्रदेश प्रहरी प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक गोविन्द थपलियाले ब्यारेक तथा भान्सा घर र भवन निर्माणले प्रहरी कर्मचारीको दैनिक जीवन र कार्यसम्पादनमा ठूलो सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले हाल कतिपय प्रहरी इकाइमा आवश्यक भौतिक पूर्वाधारको अभाव रहेको उल्लेख गर्दै नयाँ भवन निर्माणले प्रहरी कर्मचारीको बसोबास, भोजन व्यवस्था तथा सेवा प्रवाहमा सकारात्मक प्रभाव पार्ने धारणा राख्नुभयो । प्रमुख थपलियाले प्रदेश सरकारबाट सुरक्षा निकायको पूर्वाधार विकासमा देखिएको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमहरू निरन्तर अघि बढ्ने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरू, सुरक्षा निकायका उच्च अधिकारीहरू, प्रहरी कर्मचारीहरू तथा विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरूको उपस्थिति थियो । करिब रू ११ करोड चार लाखको लागतमा निर्माण हुन लागेको प्रहरी ब्यारेक पाँच तल्लाको हुनेछ । साथै, सो भवनमा ३५ वटा सुविधासम्पन्न कोठासहित भान्साघर पनि निर्माण हुनेछ । निर्माण हुन लागेको ब्यारेक तथा भान्सा घर र भवनले प्रहरी कर्मचारीहरूको आवास, भोजन व्यवस्था तथा कार्य वातावरणलाई थप व्यवस्थित बनाउने विश्वास गरिएको छ ।

# 'नेपालमा लगानी बढाउन सरकार, एनआरएनए र निजी क्षेत्रबीच सहकार्य आवश्यक'

*काठमाडौं, ३० फागुन/रासस*

गैरआवासीय नेपाली संघ (एनआरएनए) को १२औं विश्व सम्मेलनमा नेपालमा लगानीको वातावरण अनुकूल बनेको भन्दै जलविद्युत, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रमा लगानी बढाउन आहवान गरिएको छ ।

आज यहाँ कार्यक्रममा सहभागी उद्यमी तथा विज्ञहरूले नीतिगत स्थायित्व, विश्वासको वातावरण र संस्थागत संयन्त्र निर्माण गर्न सके प्रवासी नेपालीको लगानी बढ्न सक्ने धारणा राखेका छन् ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा लगानीको विश्वस्त आधार बनाउँदै सरकार, एनआरएनए र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो । विगतमा अस्थिर सरकारका कारण नीतिगत एकरूपतामा केही समस्या रहे पनि अब करिब दुई तिहाइसहितको सरकार आउन लागेकाले लगानीकर्तामा आत्मविश्वास जगाउँन सबै एकजुट हुनुपर्ने भन्दै उहाँल लगानी सहजीकरण गर्न बोर्ड प्रतिबद्ध रहेको बताउनुभयो ।

नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका कार्यकारी निर्देशक रामशरण खरेलले विदेशमा रहेका करिब ८० लाख नेपालीलाई नेपालको दीर्घकालीन आर्थिक विकासमा जोड्ने विषयमा सोच्नुपर्ने बताउनुभयो । उहाँले लगानीका लागि सुरक्षित वातावरण, बजार र विश्वासको आधार तयार गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा अब राजनीतिक स्थिरताको वातावरण बनेकाले प्रवासी नेपालीसँग सहकार्य गरेर नीतिगत सुधारमार्फत लगानी भित्र्याउन निजी क्षेत्र तयार रहेको बताउनुभयो ।

नेपाल उद्योग परिसंघका उपाध्यक्ष हेमराज ढकालले नेपालको अर्थतन्त्रलाई १०० बिलियन डलरको बनाउन एनआरएनको लगानी महत्त्वपूर्ण हुने धारणा राख्नुभयो ।

चेम्बर अफ कमर्सका उपाध्यक्ष दीपक मल्होत्राले नीतिगत स्थायित्व, लगानी र विश्वासमा जोड दिँदै गैरआवासीय लगानीका लागि संस्थागत संयन्त्र आवश्यक भएको धारणा राख्नुभयो ।

एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतोले भावी पुस्ताको भविष्यलाई ध्यानमा राख्दै नेपालमा लगानी गर्न आग्रह गर्नुभयो ।

यसैबीच, सम्मेलनअन्तर्गत आयोजित 'दोस्रो पुस्ताका युवा र सांस्कृतिक उत्तरदायित्व' सत्रमा वरिष्ठ संस्कृतिविद् डा जगमान गुरूङले संस्कृतिको संरक्षण पुस्तान्तरणबाट हुने भन्दै प्रवासमा रहेका नेपालीका सन्ततिलाई संस्कृति र भाषासँग जोड्नुपर्ने बताउनुभयो ।

संस्कृतिविद् प्राडा वीणा पौडेलले भाषा, कला र चाडपर्वमार्फत संस्कृति जोगाउँन सकिने उल्लेख गर्नुभयो ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले प्रवासमा रहेका दोस्रो पुस्तालाई नेपालसँग जोड्न सांस्कृतिक पर्यटन प्रवर्द्धन आवश्यक रहेको बताउनुभयो । एनआरएनएका उपाध्यक्ष डा हेमराज शर्माले युवालाई नेपालसँग जोड्न भाषा शिक्षा, सांस्कृतिक कार्यक्रम र खेलकुदजस्ता गतिविधि उपयोगी हुने धारणा राख्नुभयो ।

कार्यक्रममा विभिन्न वक्ताले प्रवासी नेपालीको लगानी, सीप र ज्ञानलाई नेपालको आर्थिक विकाससँग जोड्न नीतिगत सुधार र सहकार्य आवश्यक रहेकामा जोड दिएका थिए।

# प्रहरी साझेदारी अन्तर्गत मन्दिर परिसर सरसफाइ

**सहारा संवाददाता**
**वीरगंज, ३० फागुन ।**

नेपाल प्रहरी को समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नं. २ स्थित पञ्चरत्न महादेव मन्दिरको प्राङ्गणमा सरसफाइ कार्यक्रम सम्पन्न भएको छ। इलाका प्रहरी कार्यालय पटेर्वासुगौली को आयोजनामा सम्पन्न उक्त कार्यक्रममा सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष यशवन्त यादव तथा प्रहरी निरीक्षक समुन्नत अधिकारी को सहभागीता रहेको थियो। कार्यक्रमका क्रममा मन्दिर परिसर तथा आसपासका क्षेत्र सरसफाइ गरी स्वच्छ वातावरण कायम राख्ने सन्देश दिइएको थियो। समुदाय र प्रहरीबीच सहकार्य मजबुत बनाउँदै शान्ति, सुरक्षा तथा सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ।

# आर्थिक समाचार

## भूमिगत सिंचाइ प्रणाली प्रभावकारी बन्दै

जनकपुरधाम, ३० फागुनः भूमिगत सिंचाइ प्रणाली कृषि उत्पादकत्व बढाउनका लागि प्रभावकारी हुँदै गएको छ । मधेस प्रदेश सरकारले सिंचाइ सुविधा पुर्‍याउने उद्देश्यले धनुषा तथा महोत्तरीलगायत जिल्लामा स्थापना गरेका भूमिगत सिंचाइ प्रणालीले किसानलाई ठूलो राहत भएको जनाइएको छ ।

आकासे पानीको भरमा नहर एवम् नदीनालाबाट सिंचाइको व्यवस्था नभएको अवस्थामा किसानका लागि यो प्रविधि वरदान साबित भएको महोत्तरीको बर्दिवास नगरपालिका–२ का किसान रमेश साहको भनाइ छ । यस प्रविधिबाट खेती सिंचाइ मात्र नभइ दैनिक उपभोगमा पनि सहज भएको उहाँले बताउनुभयो ।

जलस्रोत तथा भूमिगत सिंचाइ विकास डिभिजन कार्यालयमार्फत यहाँका ग्रामीण क्षेत्रमा डिपट्युवेल तथा पावरड्रिल जडान गरिएका छन् । प्राप्त विवरणअनुसार एउटा डिपट्युवेलबाट ४० बिघा खेत सिञ्चित हुने गरेको छ । महोत्तरी र धनुषामा हालसम्म ३५ वटा डिपट्युवेल जडान भएर एक हजार ४०० बिघा कृषियोग्य जमिन सिञ्चित भइरहेको कार्यालयका इन्जिनियर अमलेश यादवले जानकारी दिनुभयो ।

एउटा डिपट्युवेलको संरचना निर्माणदेखि सञ्चालन गर्दाको अवस्थासम्म रु एक करोडभन्दा बढी रकम लाग्ने गरेको छ । यस्तै, दुई जिल्लामा मात्रै हाल ५० वटा पावरड्रिल निर्माण भई सञ्चालनमा रहेको इन्जिनियर यादवले जानकारी दिनुभयो । कार्यालयबाट प्राप्त विवरणमा गत आर्थिक वर्षदेखि थप ८१ पावरड्रिल निर्माण प्रक्रियामा छन्

"एउटा पावरड्रिलबाट नौ बिघा जमिनमा सिंचाइ हुने गरेको छ । एउटा पावरड्रिल निर्माणदेखि सञ्चालनसम्ममा रु १६ लाख लाग्ने गरेको छ। हालसम्म करिब रु एक करोड २९ लाख ६० हजारमा निर्माण गरिएका ती ५० वटा पावरड्रिल निर्माणले चार सय ५० बिघा जमिन सिञ्चित भइरहेको छ", इन्जिनियर यादवले भन्नुभयो ।

दुवै जिल्लामा डिपट्युवेल तथा पावरड्रिलबाट एक हजार ८५० बिघा जमिनमा सिंचाइ भइरहेको कार्यालय प्रमुख नयन पोखरेलले जानकारी दिनुभयो । भूमिगत सिंचाइ सुविधा विस्तारका लागि विसं २०४१ मा स्थापना भएको कार्यालयले निरन्तर यस क्षेत्रमा काम गरिरहेको उहाँले बताउनुभयो। "हामीले लामो समयदेखि भूमिगत सिंचाइ सुविधाका लागि काम गरिरहेका छौँ । संघीयता कार्यान्वयनमा आएपछि प्रदेश सरकारको मातहतमा रहेर काम गरिरहेका छौँ । मधेश प्रदेशमा प्राकृतिक रूपमा बहने नदी तथा खोलामा पानीको अभाव छ। भूमिगत सिंचाइ प्रणाली नै यहाँको उपयुक्त विकल्पको रूपमा रहेको छ। त्यसको उपयोग गरी सिंचाइ सुविधा विस्तार गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

पछिल्ला वर्षमा पानीको सतह कम हुँदै गएको र जडान गरिएका डिपट्युवेलका महत्त्वपूर्ण पाटपुर्जा चोरी हुँदा समस्या भइरहेको इन्जिनियर यादवले बताउनुभयो। "एक दर्जनभन्दा बढी डिपट्युवेलको ट्रान्सफरमर चोरी भएकाले केही समस्या भएको छ । ट्रान्सफरमरमा रहेको तामाको क्वायल पनि चोरी हुने गरेको छ। यस विषयमा प्रहरी प्रशासनमा पटकपटक जानकारी गराएका छौँ, तर पनि समस्या समाधान हुनसकेको छैन", उहाँले भन्नुभयो ।

## जेनजी आन्दोलनका घाइतेको विवरण सार्वजनिक

*काठमाडौँ, ३० फागुन/रासस*

गत भदौ २३ र २४ मा जेनजी आन्दोलनका क्रममा घाइते भएकाहरूको विवरण सार्वजनिक गरिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आन्दोलनका क्रममा उपचार भएका अस्पतालबाट सङ्कलन गरिएको नामअनुसार विवरण सार्वजनिक गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

आन्दोलनमा देशभरिका ९९ अस्पतालमा दुई हजार ६३८ जना घाइतेको उपचार गरिएको विवरण प्राप्त भएको उहाँले बताउनुभयो । "आन्दोलनका क्रममा उपचार भएका सबै अस्पतालबाट घाइतेको विवरण सङ्कलन गरिहेका थियौँ । केही अस्पतालबाट विवरण आउन ढिलो भएकाले सबै घाइतेको विवरण सार्वजनिक गर्न ढिलाइ भयो । हाल सबै घाइतेको विवरण गृह मन्त्रालयलाई पठाएको छ", प्रवक्ता डा बुढाथोकीले भन्नुभयो ।

विवरणअनुसार गत असोज ३१ गते दुई हजार ५२२, गत माघ ४ गते ७७ र यही फागुन २९ गते थप ३९ जना घाइतेको विवरण गृह मन्त्रालयलाई पठाइएको छ।

प्रवक्ता डा बुढाथोकीका अनुसार सबैभन्दा धेरै चार सय ५८ जना घाइतेको नयाँ बानेश्वरस्थित निजामती कर्मचारी अस्पतालमा उपचार गरिएको छ । यस्तै, नेपाल पुलिस अस्पतालमा दुई सय तीन, राष्ट्रिय ट्रमा सेन्टरमा एक सय ९० र त्रिवि शिक्षण अस्पतालमा एक सय आठ जनाको उपचार भएको थियो ।

### मनकामना.............

जानकारी दिनुभयो । उहाँका अनुसार मृत्यु हुनेमा सबै भारतीय नागरिक छन्।

माइक्रोमा १३ जना यात्री सवार रहेको प्रारम्भिक जानकारी प्राप्त भएको जानकारी दिँदै प्रहरी उपरीक्षक विकले घाइते तथा मृतकको पूर्ण विवरण आउन बाँकी रहेको बताउनुभयो ।

i–Max Computer

Sales, Service & Maintance
(कम्प्युटर विक्रि तथा मर्मत केन्द्र)
महाविरस्थान, लाठगल्लि, वीरगंज
फोन नं.:-९८४५०३८५४४, ०५१-५३०८६३

### प्रतिष्ठानस्तरको.........

सहायक निर्देशक हरि पौडेलले कार्यक्रमको उद्देश्य तथा सञ्चालनबारे प्रस्तुति दिनुभएको थियो । उहाँका अनुसार युरोपियन युनियनको आर्थिक सहयोग तथा संयुक्त राष्ट्रसंघ अन्तर्गतका चारवटा संस्थामध्ये अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) सँगको सहकार्यमा नेपाल उद्योग वाणिज्य महासंघद्वारा सञ्चालित महिला सशक्तिकरण, समृद्ध नेपाल कार्यक्रम अन्तर्गत उक्त तालिमको आयोजना गरिएको संयोजन डा. वासुदेव लाल कर्णले बताउनुभयो ।

मधेश प्रदेशका पाँच वटा उद्योगका गुनासो सुनुवाइ संयन्त्रका सदस्यहरूलाई कार्यस्थलमा हुने यौनजन्य हिंसा तथा दुर्व्यवहारको सम्बोधन गर्ने विषयमा प्रयोगात्मक तथा व्यवहारिक तालिम प्रदान गरिएको हो । तालिममा सहभागीहरूलाई अधिवक्ता सर्मिला श्रेष्ठले प्रशिक्षण दिनुभएको थियो भने कार्यस्थलमा हुने लैङ्गिक हिंसा न्यूनीकरण, गुनासो व्यवस्थापन संयन्त्रको प्रभावकारी सञ्चालन तथा सुरक्षित कार्य वातावरण निर्माणका विषयमा विस्तृत जानकारी दिइएको थियो। सहजीकरण तालिमका संयोजक डा.वासुदेवलाल कर्णले गर्नुभएको थियो।

### बहुपक्षीय..............

धारणा व्यक्त गर्नुभएको हो ।

बैठकमा उहाँले कार्यादेश कार्यान्वयन प्रक्रियाप्रति अल्पविकसित मुलुक समूहको पूर्ण समर्थन रहेको पुनः दोहोर्‍याउँदै संयुक्त राष्ट्रसंघभित्र गरिने सुधारहरूले यसको विकाससम्बन्धी स्तम्भलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

राजदूत थापाले पर्याप्त स्रोतसाधन सुनिश्चित गर्न तथा कार्यादेशकृ प्रभावकारी कार्यान्वयन गर्न तथा अल्पविकसित मुलुकहरूका लागि मापनयोग्य उपलब्धि हासिल गर्न आवश्यक भएको बताउनुभयो ।

उहाँले अल्पविकसित मुलुक, विकासशील मुलुक तथा साना विकासशील टापु राष्ट्रहरूका लागि संयुक्त राष्ट्रङ्घीय उच्च प्रतिनिधिको कार्यालयले दोहा कार्ययोजना कार्यान्वयनलाई अघि बढाउन तथा विश्वका सबैभन्दा कमजोर राष्ट्रहरूको विकास प्राथमिकतालाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेकामा त्यसको सराहना गर्नुएको उक्त नियोगले जनाएको छ ।

### इथानोल मिश्रित.....

गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ ।

इथानोलको मूल्य निर्धारण सरकारद्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष शुरू हुनु अघि हुने छ । मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ । निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ ।

नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछ र उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ । उद्योगले सम्झौतामा उल्लङ्घन गरेमा प्रचलित कानुन अनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ।

इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ । अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्च सुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ। मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ।

सरकारले इथानोल मूल्य निर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ। समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन् ।

आदेशअनुसार समितिले कच्चापदार्थ लागत, कर छुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा कर छुट, कृषक र कृषि सहकारीलाई मल/बिज/विद्युत महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ । यो नीति कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढाउने, नयाँ उद्योग स्थापना गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनको प्रभावकारिता भने उद्योगको क्षमता, कच्चापदार्थको उपलब्धता तथा सरकारको नियमनमा निर्भर हुनेछ ।

### स्कार्पियोको.............

पटेलको टाउकोमा गम्भीर चोट लागेको छ भने गढीमाई नगरपालिका–११ की ४५ वर्षीया बन्धना पटेल बेहोस अवस्थामा उपचाररत रहेको प्रहरीले जनाएको छ।

यसैगरी बरहथवा–१० का रूपेश मण्डल (१८), प्रतिमा कुमारी पटेल (१५), दिलिप राय (१९), चन्दन पासवान (२३), दीपिका जैसवाल (१२), रामजी राय (२०), मुकेश राउत (२३), रामनारायण ठाकुर (५५) र गुलाबकुमारी मण्डल (४५) पनि दुर्घटनामा घाइते भएका छन्। घाइतेहरूको बरहथवास्थित हनुमन्त नगर अस्पताल र एडभान्स अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। दुर्घटनापछि प्रहरीले स्कारपियो गाडी र चालक बरहथवा नगरपालिका–१२ लौकठका नरेश ठाकुरलाई नियन्त्रणमा लिएको छ।

धमाका! धमाका!! धमाका!!
फोन गर्नुहोस् सेवा लिनुहोस्
मिखा ट्रेडर्स
वीरगंज, पर्सा

ग्याँस चुल्हो सम्बन्धी सम्पूर्ण सामान विक्री तथा मर्मत गरिन्छ ।
०५१-५२८६६२, ०५१-५२०८४१
९८०७२६३०७२,
९८४५०३६७६८

# अन्तराष्ट्रिय समाचार

## "युक्रेनले सुरक्षा र सैन्य सहयोगमा अन्तर्राष्ट्रिय समर्थन खोज्दैछ"

पेरिस, ३० फागुन (रासस/एपी):

युक्रेनका राष्ट्रपति भोलोडिमिर जलेन्स्कीले शुक्रबार इरान युद्धको बीचमा अमेरिकी सरकारले लागू गरेको रूसको तेलमा ३०–दिने माफी 'सही निर्णय नभएको' बताउनुभएको छ।

जलेन्स्कीले भन्नुभयो, "अमेरिकाले मात्र गरेको यो ढिलाइले रूसलाई युद्धका लागि करिब एक खर्ब डलर उपलब्ध गराउन सक्छ ।

यसले शान्ति स्थापना गर्न कुनै सहयोग गर्दैन ।"

उहाँ पेरिसमा फ्रान्सका राष्ट्रपति एम्यानेल म्याक्रोनसँगको संयुक्त पत्रकार सम्मेलनमा बोल्नुभयो, "म विश्वास गर्छु कि प्रतिबन्ध हटाउँदा रूसको स्थिति अझ बलियो हुन्छ । उहाँहरूले ऊर्जा बिक्रीबाट प्राप्त रकम हतियारमा खर्च गर्छन्, र यसले सिधा हाम्रो विरुद्ध प्रयोग हुन्छ । त्यसैले, प्रतिबन्ध हटाउने निर्णयले भविष्यमा थप ड्रोन हमलाहरू बढाउन सक्छ, जुन मेरो दृष्टिले सही छैन ।"

अमेरिकी खजाना विभागले बिहीवार रूसको तेलमा ३०–दिने माफी घोषणा गरेको थियो । यस कदमले समुद्रमा फसेका रूसको तेल ढुवानीलाई स्वतन्त्र बनाउने र इरान युद्धले सिर्जना गरेको आपूर्ति कमीलाई कम गर्ने उद्देश्य राखेको छ । विश्लेषकहरूका अनुसार, फारसको खाडीमा उत्पादनमा रोकावटका कारण तेलको मूल्य बढ्दा रूसको अर्थतन्त्र फाइदा उठाउँदैछ । मस्कोले आफ्नो आक्रमणलाई वित्तपोषण गर्न तेल राजस्वमा निर्भर गर्दछ, र प्रतिबन्धहरू बढ्दो चुनौतीका रूपमा रहेको छ । जर्मन चान्सलर फ्रेडरिक मर्जले यस निर्णयलाई आलोचनात्मक दृष्टिले हेरिरहेका छन् । उहाँले यस हप्ताको शुरूमा समूह सात औद्योगिक लोकतान्त्रिक देशका नेताहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग रूसको तेल र तरल ग्याँस आपूर्ति विषयमा छलफल गर्नुभएका थिए ।

"समूह सातका छ जना सदस्यहरूले स्पष्ट रूपमा यो माफी सही सङ्केत होइन भनेर बताउनुभयो । तर अमेरिकी सरकारले फरक निर्णय गरेको देखियो। पुनः भन्नुपर्दा, यो गलत निर्णय हो," उहाँले भन्नुभयो।

मर्जले थप्नुभयो, "हाल मूल्य समस्या छ, तर आपूर्ति समस्या छैन । यस सन्दर्भमा म जान्न चाहन्छु कि अमेरिकी सरकारले यो निर्णय लिनका लागि अतिरिक्त के कारण देखाएको हो ।" युक्रेनले आफ्नो ड्रोन विशेषज्ञता प्रस्ताव गऱ्यो । युक्रेन विश्वका प्रमुख ड्रोन प्रतिरक्षक उत्पादक राष्ट्रमध्ये एक बनेको छ । किएभले आफ्नो विशेषज्ञता अमेरिकी र खाडीका साझेदार राष्ट्रहरूलाई युद्धमा सहयोगका लागि प्रस्ताव गरेको छ, र यसबदला उनीहरूले आफ्नै देशमा निर्माण गर्न नसक्ने उच्चस्तरीय हतियार प्राप्त गर्न चाहन्छन् । तर अमेरिकी राष्ट्रपति ट्रम्पले यस प्रस्ताव अस्वीकार गर्नुभएको छ । उहाँले भन्नुभयो, "हामीलाई ड्रोन सुरक्षा सम्बन्धी उनीहरूको मद्दत चाहिएको छैन।" जलेन्स्कीले बिहीवार युक्रेनले युद्ध परीक्षण गरिएको ड्रोन उत्पादन सम्झौताको लागि सेतो घरको अनुमोदन पर्खिरहेको बताउनुभएको छ । पेरिसमा उहाँले किएभले वासिङ्टनबाट ड्रोन लडाइँ सहयोगको अनुरोध प्राप्त गरेको छ।

जलेन्स्कीले भन्नुभयो, "युक्रेनी सेनासँग प्रणाली परिचालन गर्ने विशेषज्ञता पनि छ । पूर्ण हवाई सुरक्षा प्रणालीसँग सही र व्यवस्थित काम हुनुपर्छ ।


## बेलायतको २०२६ मा अर्थतन्त्र स्थिर

लन्डन, ३० फागुन (रासस/सिन्हवा): बेलायतको जनवरी २०२६ मा वास्तविक सकल घरेलु उत्पादन वृद्धि शून्यमा पुगेको छ । डिसेम्बर २०२५ मा ०.१ प्रतिशत र नोभेम्बर २०२५ मा ०.२ प्रतिशत वृद्धिदर देखिएको थियो, तर जनवरीमा वृद्धि रोकिएको राष्ट्रिय तथ्याङ्क कार्यालय का तथ्याङ्कले शुक्रवार देखाएका छन् ।

विशेष गरी, सेवाक्षेत्रको उत्पादन जनवरीमा कुनै वृद्धि देखाएन, र उत्पादन क्षेत्रको उत्पादन ०.१ प्रतिशतले घट्यो। यद्यपि, निर्माण क्षेत्रमा ०.२ प्रतिशतको वृद्धि देखिएको छ। जनवरी सन् २०२६ सम्मका तीन महिनामा वास्तविक सकल घरेलु उत्पादन अक्टोबर २०२५ सम्मको तीन महिनासँग तुलना गर्दा ०.२ प्रतिशतले बढेको तथ्याङ्कले देखाएको छ ।

अर्थ तथ्याङ्क निर्देशक लिज म्याक्क्यूनले पछिल्ला तीन महिनामा वृद्धिदर थोरै बढेको बताउनुभयो । यसमा कार निर्माण क्षेत्रमा सुधार र थोक उद्योगको कमजोर गर्मी पछि पुनरुत्थान मुख्य कारण रहेको उहाँलाई बताउनुभएको छ । तर, जनवरी महिनाको तथ्याङ्कले समग्र अर्थतन्त्र अझै सुस्त रहँदै आएको देखाएको छ । ब्रिटिश चेम्बर्स अफ कमर्सका अनुसन्धान प्रबन्धक स्टुअर्ट मोरिसनले भन्नुभयो, "आजको तथ्याङ्कले देखाउँछ कि ब्रिटेनको अर्थतन्त्र चिन्ताजनक कम वृद्धिदरको जालोमा अड्किएको छ ।" उहाँले जोड दिनुभयो," कम्पनीहरूको आत्मविश्वास कम छ, लगानी गर्न सङ्घर्षरत छन् र भर्तीमा रोक लगाइरहेका छन् ।"स्वतन्त्र बजेट जिम्मेवारी कार्यालयले मार्चको शुरुवातमा २०२६ मा ब्रिटेनको अर्थतन्त्र १.१ प्रतिशतले वृद्धि गर्ने अपेक्षा गरिएको जनाएको छ, जुन नोभेम्बरमा गरिएको १.४ प्रतिशतको पूर्वानुमानभन्दा कम हो । यसले नजिकको समयमा सम्भावित आर्थिक दृष्टिकोण देखाएको छ ।

मोरिसनले भन्नुभयो, "स्थिति सुधार हुनु अघि अझ खराब हुन सक्ने सम्भावना छ । हालको विश्वव्यापी अनिश्चितता, जसमा अमेरिकी शुल्क र मध्यपूर्व द्वन्द्व समावेश छन्, अर्थतन्त्रको दृष्टिकोणमा असर पुर्‍याइरहेको छ ।" बजेट जिम्मेवारी कार्यालयले २०२६ का लागि ब्रिटेनको वृद्धिदर सिर्फ १ प्रतिशत रहने अनुमान गरेको छ । वर्तमान आर्थिक उतारचढावले मुद्रास्फीति बढाएको र थप ब्याजदर कटौती सम्भावित नहुने अवस्थामा रहेको उहाँले उल्लेख गर्नुभयो ।



चिया बगान : सूर्योदय नगरपालिका-३ बौद्धधामस्थित चिया बगानको हरियाली दृश्य । फागुन अन्तिम सातादेखि इलामका अधिकांश बगानमा चियाको पहिलो टिपाई शुरू भएको छ। तस्बिर: मनोज अधिकारी/रासस

# तीन वर्षमा मधेस प्रदेशमा १४ सय भन्दा बढीको दुर्घटनामा मृत्यु

**सहारा संवाददाता ——————**
**वीरगंज, ३० फागुन ।**

मधेस प्रदेशका आठ जिल्लामा पछिल्लो तीन वर्षको अवधिमा सवारी दुर्घटनामा परी एक हजार चार सय तीन जनाको मृत्यु भएको छ भने २९ हजार ६ सय ३० जना घाइते भएका छन्।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक वकिलबहादुर सिंहका अनुसार यस अवधिमा १८ हजार दुई सय ६७ वटा सवारी दुर्घटना भएका छन्। मधेस प्रदेशमा पछिल्लो तीन वर्षमा १७ हजार आठ सय ४४ वटा मोटरसाइकल दुर्घटना भएका छन्।

सडक दुर्घटना बढ्नुमा चालकको लापरबाही, तीव्र गति, मादक पदार्थ सेवन तथा सुरक्षा सतर्कताको कमी मुख्य कारण हो । सडकमा सवारीबीचको तिव्र प्रतिस्पर्धा, अनियन्त्रित गति, जिर्ण सडक, चालक र पैदल यात्रीको लापरवाही, सडक प्रयोगमा चेतनाको कमीसहित विविध कारणले दुर्घटना हुने गरेको सिंहको भनाई छ ।

पछिल्लो तीन वर्षमा ४४ हजारभन्दा बढी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको भएपनि चालकले सिकेका कुरा व्यवहारमा लागू गर्न नसकेको दुखद् उदाहरण रहेको सिंहले बताए ।

पाँच दिन अघि सडकमा तिव्र गतिमा प्रतिस्पर्धा गर्दै गुडिरहेका दुई वटा यात्रीबाहक बसलाई नियन्त्रणमा लिई कारबाई गरेको घटनाले पनि चालकको लापरवाही देखिन्छ । वीरगंजबाट छुटेका दुई यात्रीबाहक बस सिमरास्थित सडकमा तिव्र गतिमा प्रतिस्पर्धा गर्दै गुडिरहेको अवस्थामा भेटेपछि ट्राफिक प्रहरीले उक्त दुबै बसलाई नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिइएका दुबै बसका चालकलाई यस्तो गतिविधि नदोहोर्याउन चेतावनी दिँदै कारबाई गरी पठाएको प्रवक्ता सिंहले बताए ।

प्रदेशभित्र पछिल्लो तीन वर्षमा मात्रै ट्राफिक नियम उल्लंघन गर्ने पाँच लाख ३० हजारभन्दा बढी चालकलाई कारबाही गरिएको छ। कारबाहीबाट सरकारले ४७ करोड ९४ लाख रुपियाँभन्दा बढी राजस्व सङ्कलन गरेको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले जनाएको छ ।

## स्कारपियोले ठक्कर दिँदा एकको मृत्यु

**सहारा संवाददाता ——————**
**सर्लाही, ३० फागुन ।**

सर्लाही जिल्लाको बरहथवा नगरपालिका-१० सितापुरमा स्कारपियो गाडीले जन्तीको भीडमा ठक्कर दिँदा एक जनाको ज्यान गएको छ भने ११ जना घाइते भएका छन ।

शुक्रवार राति बरहथवाबाट सितापुरतर्फ जाँदै गरेको डिएल ९ सी जेड ०७७७ नम्बरको स्कारपियो अनियन्त्रित भई विवाहमा सहभागी जन्तीमाथि जाँदा दुर्घटना भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका बरहथवा नगरपालिका-९ का करिब ५० वर्षीय नारायण जर्गामगरलाई उपचारका लागि नगर अस्पताल बरहथवा लगिएको थियो। उपचारकै क्रममा साँझ करिब ८ बजेतिर चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन्। दुर्घटनामा रौतहट र सर्लाहीका गरी ११ जना घाइते भएका छन्।

घाइतेमध्ये रौतहटको दोस्तिया पिपरिया निवासी ७० वर्षीय कमल

(बाँकी तेश्रो पृष्ठमा)

## विश्व सिख वातावरण दिवसको अवसरमा वृक्षारोपण



**सहारा संवाददाता ——————**
**वीरगंज, ३० फागुन ।**

विश्व सिख वातावरण दिवसको अवसरमा त्रिजुद्ध विद्यालय परिसरमा वृक्षारोपण तथा सरसफाइ कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रम श्री गुरूनानक सेवा प्रतिष्ठान, शोध केन्द्र नेपाल र प्रकृति सेवा प्रतिष्ठान नेपालको संयुक्त आयोजनामा गरिएको हो।

कार्यक्रमका सहभागीहरूले विद्यालय परिसरमा निम, गुलमोहर, जामुन, अमला, कागतीलगायत विभिन्न प्रजातिका १०१ वटा बिरूवा रोपेका थिए। सो अवसरमा वातावरण संरक्षणका लागि वृक्षारोपण र सरसफाइ अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिइएको थियो।

प्रतिष्ठानका संस्थापक अध्यक्ष सरदार जसपाल सिंहको अध्यक्षता तथा वरिष्ठ समाजसेवी वेदप्रकाश गर्गको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा विभिन्न सामाजिक व्यक्तित्वहरूको सहभागीता रहेको थियो।

# खेल समाचार

## मारवाडी प्रिमियर लिगमा दुई खेल सम्पन्न



**सहारा संवाददाता ——————**
**वीरगंज, ३० फागुन ।**

मारवाडी प्रिमियर लिग-३ क्रिकेट प्रतियोगिता अन्तर्गत दोस्रो दिनको पहिलो खेल मनास्थलु रैडर र अन्नपूर्ण टाइगरबीच भएको छ। उक्त खेलमा मनास्थलु रैडरले पहिलो ब्याटिङ गर्दै अन्नपूर्ण टाइगरसामु ८९ रनको लक्ष्य प्रस्तुत गरेको थियो। जवाफी ब्याटिङमा उत्रिएको अन्नपूर्ण टाइगरले उत्कृष्ट प्रदर्शन गर्दै ६ विकेटले जित हासिल गर्दै खेल आफ्नो पक्षमा पार्न सफल भयो।

त्यसैगरी दोस्रो दिनको दोस्रो खेल धौलागिरी बौधीमाई र कञ्चनजंगा वीरगंजबीच भएको थियो । खेल प्रतिस्पर्धात्मक रूपमा सम्पन्न भएको आयोजकले जनाएको छ।

मारवाडी युवा मञ्च र ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा फागुन २९ गतेदेखि शुरू भएको उक्त प्रतियोगिता चैत ८ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ।

प्रतियोगितामा कुल १० वटा टोली सहभागी रहेका छन् भने प्रतियोगिता अवधिभर २३ वटा खेल खेलाइने कार्यक्रम रहेको छ। उत्कृष्ट प्रदर्शन गर्ने टोलीलाई विजेता घोषित

## वीरगंज तेक्वान्दो डोजाङमा बेल्ट ग्रेडिङ




**सहारा संवाददाता ——————**
**वीरगंज, ३० फागुन ।**

वीरगंज तेक्वान्दो डोजाङमा बेल्ट ग्रेडिङ परीक्षा भएको छ।

बेल्ट ग्रेडिङमा खेलाडीहरुले तेक्वान्दो सीप प्रदर्शन गरेका थिए। विभिन्न बेल्टका लागि विद्यार्थीहरूले आधारभूत प्रविधि, किक, पुम्से तथा आत्मरक्षासम्बन्धी अभ्यास प्रस्तुत गरेका थिए। प्रशिक्षकहरूले विद्यार्थीहरूको प्रदर्शन, अनुशासन र प्राविधिक दक्षताको आधारमा मूल्याङ्कन गरेका थिए।

डोजाङ प्रमुख महमद साकिल तथा अन्तर्राष्ट्रिय तेक्वान्दो खेलाडी महमद वेशको नेतृत्वमा आयोजना गरिएको कार्यक्रममा मैस्कट एकेडेमीका निर्देशक विजय साह, मनीष कुशवाहा, प्रशिक्षक मन्सुर महमद, राजेन्द्र खड्गी र बिक्रान्त डंगोलको, अन्तर्राष्ट्रिय खेलाडी अफताब आलम, सन्तोष रौनियार, प्रथम बर्नवाललगायत खेलाडीहरूको उपस्थिति रहेको थियो।

## इनिशाको न्यायका लागि सर्लाहीमा प्रदर्शन

**सहारा संवाददाता ——————**
**सर्लाही, ३० फागुन ।**

इनिशा विकको हत्यामा संलग्नमाथि कडा कारबाही गर्न माग गर्दै सर्लाहीमा प्रदर्शन गरिएको छ ।

शनिवार दिउँसो सर्लाहीको नवलपुरमा दलित अधिकारकर्मी तथा स्थानीय बासिन्दाले र्‍यालीसहित विरोध प्रदर्शन गरेका हुन् । प्रदर्शनमा सहभागीहरूले इनिसा विकलाई न्याय दिन, दोषीलाई तत्काल कडा कारबाही गर्न तथा भविष्यमा यस्ता जघन्य घटना दोहोरिन नदिन प्रभावकारी व्यवस्था गर्न सरकारसँग माग गरेका थिए । प्रदर्शनमा सहभागीहरूले इनिसालाई न्याय देउ, बालिकामाथि हुने बलात्कार, हिंसा र हत्या बन्द गर प्लेकार्ड प्रदर्शन गरेका थिए ।

